# लगानी विविधीकरण

**कम्पनीको कुल लगानीलाई निम्न प्रकार विविधिकरण गरिने छ।**

- कम्पनीको अस्तित्व र दिगोपनलाई सुनिश्चित गर्न २५ प्रतिशत रकम कम जोखिम युक्त क्षेत्रमा लगानी गर्ने (जस्तैः म्युचुअल फण्ड, बैंक निक्षेप, ऋणपत्र, वण्ड, ट्रेजरी विल्स वा वजारमा उपलब्ध अन्य सुरक्षित लगानी उपकरणहरु)
- कम्पनीको पूँजीको अभिवृद्धिलाई ध्यानमा राखेर जोखिम र अन्य कारक तत्वहरुको सुक्ष्म विश्लेषण गरि केहि जोखिम भएका तर सापेक्षित रुपले बढी लाभदिने परियोजनामा ५० प्रतिशत रकम लगानी गर्ने।
- सुदूरपश्चिमका सबै ९ वटै जिल्लाहरुमा उद्धमशिलता र उत्पादन प्रवर्द्धनमा योगदान दिनका लागि स्टार्ट-अप जन-केन्द्रित परियोजनाहरुमा २५ प्रतिशत रकम लगानी गर्ने।

## SP-NIDF
# कम्पनीको प्रकार

- रु २ अर्ब अधिकृत पूँजी भएको र ३० प्रतिशत शेयर सर्वसाधारणका लागि छुट्याइएको यो एउटा सार्वजनिक (पब्लिक) कम्पनी हो।
- समाजको लागि सकारात्मक प्रभाब पार्दै शेयर लगानीकर्तालाई सक्दो प्रतिफल प्रदान गर्ने लक्ष्य राखेको यो एउटा लगानी कम्पनी हो।
- यो नेपालको कानुन अनुसार दर्ता भएको सार्वजनिक कम्पनी भएकाले यस कम्पनीमा आवासीय र गैर-आवासीय नेपालीले लगानी गर्न सक्नेछन्।

" लगानीकर्ता र समाज दुवैको लागि साझा मूल्य एवं मान्यता सिर्जना गर्न समर्पित सार्वजनिक (पब्लिक) लिमिटेड कम्पनी "



# परियोजना छनोट, लगानी र स्वीकृत प्रक्रिया

**Step: 1**
३ देखि ६ महिना भित्रमा सुदूरपश्चिमका विभिन्न क्षेत्रबाट कम्तिमा २० वटा आयोजना छनोट गर्ने।

↓

**Step: 2**
जोखिमका कारकहरु, व्यावहारिकता, नाफा, वृद्धि सम्भावना आदिमा आधारित परियोजनाहरुको मुल्यांकन गर्ने।

↓

**Step: 3**
आन्तरिक र तेस्रो पक्ष मुल्यांकनकर्ताहरु द्वारा गरिएका सिफारिसहरुको आधारमा लगानीका लागि परियोजनाहरु स्वीकृत गर्ने।

## SP-NIDF मा
# लगानी गर्ने प्रक्रिया

व्यक्ति वा संस्थाले निश्चित संख्यामा कम्पनीको शेयर (रु १०० प्रति शेयरमा) खरिद गरि कम्पनीमा न्युनतम रु १ लाख र अधिकतम २ करोड सम्म इक्विटी लगानी गर्न सक्नेछन।

लगानीकर्ताले "इक्विटी इन्भेस्टमेन्ट प्लेज फारम "पेस गरेपछि र प्रतिबद्दता फारममा हस्ताक्षर गर्दा सहमत भएका सर्तहरु पुरा गरि आफ्नो इक्विटी लगानी कम्पनीको बैंक खातामा तोकिएको अवधि भित्र जम्मा गर्नुपर्ने हुन्छ। कम्पनीले लगानीकर्ताहरुबाट प्रतिबद्दता रकमको शतप्रतिशत प्राप्त गरेपछि मात्र शेयर प्रमाणपत्र जारि गर्नेछ।


# सुदूरपश्चिम एनआरएन
## इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट फण्ड लिमिटेड

धनगढी, कैलाली, नेपाल
9802020490(Kathmandu), 9802020491(Dhangadi)
spnidf@gmail.com, info@sudurpaschimnrn.com
www.sudurpaschimnrn.com

# SP-NIDF को बारेमा

सुदूरपश्चिम एनआरएन इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट फण्ड (SP–NIDF) लिमिटेड नेपालको कम्पनी ऐन २०६३ अन्तर्गत दर्ता भएको लगानी कम्पनी हो।
लगानीकर्ता एवं समाजका लागि साझा मूल्य एवं मान्यता सिर्जना गर्ने प्रमुख उद्देश्यका साथ यस कम्पनीको स्थापना भएको हो। SP–NIDF ले मुख्यतः नेपालको सुदूरपश्चिम प्रदेशलाई केन्द्रित गरि विभिन्न तरिकाले प्राबिधिक तहमा सक्षम, वित्तीय रुपमा सम्भाव्य एवं आर्थिक किसिमले लाभदायक परियोजनामा लगानी गर्ने लक्ष्य राखेको छ।

# संस्थापक सदस्यहरूको बारेमा

कम्पनीका संस्थापकहरु नेपाल भित्र र बाहिर बसोबास गर्ने नेपाली मुलका व्यक्तिहरुको समुह हो। नेपालको सुदूरपश्चिम प्रदेशको विकासमा लगानी गर्न र योगदान गर्न चाहने प्रमुख सरोकारवालासँग गम्भीर परामर्शपछि कम्पनीको स्थापना भएको हो। कम्पनीको पहुँच, समन्वय, ज्ञान र सीप हस्तान्तरण,लगानी उत्पादन र अन्य सहयोगका लागि कम्पनीले अमेरिका, युरोप, ओसिनिया, एसिया, मध्य पूर्व र अफ्रिकामा पनि उप समिति गठन गरेको छ।

# SP-NIDF को विकास रणनीति

यस कम्पनीले सार्वजनिक सूचीकरणका लागि आवेदन दिनुपूर्व नै आफ्ना प्रवर्द्धक शेयरधनिबाट लगानी भएको रकमबाट पहिलो तीन वर्ष भित्र नै रु १४० करोड परिचालन गर्ने लक्ष्य राखेको छ र सर्वसाधारणका लागि आरक्षित ३० प्रतिशत शेयरबाट थप ६० करोड संकलन गर्नेछ। नेपालको राजनीतिक र आर्थिक परिवेश लगायत धेरै कारकहरुमा यो निर्भर हुने भएता पनि SP–NIDF को लक्ष्य आगामी १० वर्ष भित्रमा कुल पूँजी दोब्बर बनाउने रहनेछ। कम्पनीले आफ्नो पोर्टफोलियोमा विविधिकरण गर्दै, जोखिम न्यूनीकरण गरि सम्भाव्य परियोजनाहरु छनोट गरि पूँजी परिचालन गर्नेछ।
प्राकृतिक सम्भावित जोखिमलाई न्यूनीकरण गर्नको लागि कम्पनीले लगानीका लागि स्वीकृत सबै परियोजनाहरुको सम्पत्तिको नेपालका प्रतिष्ठित विमा कम्पनीहरुद्वारा विमा गरिएको सुनिश्चित गर्नेछ।




# SP-NIDF मा लगानीको उद्धेश्य

- विकासमा पछाडि परे पनि आर्थिक वृद्धिको ठूलो सम्भावना रहेको सुदूरपश्चिम क्षेत्रको विकासमा स्वदेश वा विदेशमा बसिरहेका व्यक्तिहरुबाट योगदान गर्न ।
- नेपालमा गरिएको आफ्नो लगानीको मध्यम र दीर्घकालीन प्रतिफल प्राप्त गर्न ।
- आवासीय र गैर-आवासीय नेपाली लगानीकर्ताहरूको नेटवर्कको एक हिस्सा भएर आफ्नो ज्ञान, सीप र अनुभवहरू आदानप्रदान गरि जन्मभूमिमा योगदान गर्न ।

अधिकृत पूँजीको बाँडफाँड
(जम्मा २ अर्ब)




# SP-NIDF कम्पनीको संचालक समिति

श्री शिव सिंह कार्की
अध्यक्ष

डा अंगराज तिमिल्सिना
वरिष्ठ सल्लाहकार (संस्थापक अध्यक्ष)

डा अग्निराज कोईराला
संचालक सदस्य

श्री खगेश्वर बोहरा
संचालक सदस्य

श्री हिक्मत थापा
संचालक सदस्य

श्री हिक्मत शाह
संचालक सदस्य

श्री बासुदेव अधिकारी
संचालक सदस्य

श्री टेकराज जोशी
बिशेषज्ञ संचालक सदस्य

# हाम्रो दूरदृष्टि (Vision)

लगानीकर्ता र समाज दुवैको लागि साझा मूल्य एवं मान्यता सिर्जना गर्न समर्पित उदाहरणीय सार्वजनिक पब्लिक कम्पनी बन्ने।

# हाम्रो लक्ष्य (Mission)

आवासीय र गैर-आवासीय नेपालीका वित्तीय स्रोतहरुलाई लगानी र विकासका लागि परिचालन गर्ने।

# हाम्रो मूल्य-मान्यताहरू (Core-Values)

आचरण, पारदर्शिता, उत्तरदायित्व वहन, व्यावसायिक निष्ठा, सामूहिक एकता।

